अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।०७ गते

प्रेस विज्ञप्ति

विषय: "भ्रष्टाचार नियन्त्रण र सुशासन" विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न

मिति २०७६।०२।०७ गतेका दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूको प्रमुख आतिथ्यता र आयोगका सचिव महेश्वर न्यौपानेज्यूको अध्यक्षतामा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकामा "भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना भयो। उक्त कार्यक्रममा पर्सा जिल्ला वीरगञ्ज महानगरपालिकाका प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख र सबै नगरपालिकाका प्रमुखहरु, गाँउपालिकाका अध्यक्षहरु, स्थानीय तहका उपप्रमुख/उपाध्यक्षहरु, पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु, स्थानीय तहका वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारी तथा स्थानीय संचारकर्मीहरु लगायतको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा आयोगका सहसचिव कालीप्रसाद पराजुली तथा आयोगको कार्यालय हेटौंडाका कार्यालय प्रमुख (सहसचिव) हुमकला पाण्डेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। ती कार्यपत्र प्रस्तुति पछि वडाअध्यक्षहरु लगायतका सहभागीहरुले सार्वजनिक सेवा प्रवाह स्थानीय तहमा विकास निर्माण र कानूनको पालना सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो भने कतिपय सहभागीहरुले आयोगको अनुसन्धानलाई प्रभावकारी बनाउन सुझाव दिनुभएको थियो। सहभागीहरूको जिज्ञासा तथा सुझावहरुको सम्बोधन आयोगका माननीय प्रमुख आयुक्तज्यू तथा सचिवज्यूले आफ्नो मन्तव्यका क्रममा गर्नुभएको थियो।

माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूले सहभागीहरुको सार्थक उपस्थितिको लागि कृतज्ञता ज्ञापन गर्नुहुँदै स्थानीय श्रोत साधनको अधिकतम् उपयोग गरी स्थानीय सरकारको संस्थागत विकास गर्ने दायित्व स्थानीय सरकार कै रहेको बताउनु भयो। जनप्रतिनिधिहरु र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवहारमा जनताले सरकार खोज्ने भएकोले कस्तो संस्कार र प्रणाली स्थापित गर्ने हो, त्यो जिम्मेवारी स्थानीय तहकै भएको सुझाव दिनु भयो। भ्रष्टाचारजन्य कार्य भएमा त्यस्ता काम, क्रियाकलाप र पदाधिकारीलाई तत्काल अनुसन्धानको दायरामा ल्याउन आयोगबाट "Rapid Action Task Force" गठन भै कार्य प्रारम्भ गरेको पनि जानकारी गराउनु भयो। सार्वजनिक ऐलानी पर्ति जग्गा अतिक्रमण गर्ने प्रवृत्ति बढेको उल्लेख गर्नुहुँदै यस्तो क्रियाकलाप रोक्ने पहिलो दायित्व स्थानीय तहकै रहेको वताउनु भयो। यसरी सार्वजनिक ऐलानी जग्गा अतिक्रमण गर्ने प्रवृत्ति वढिरहेकोमा यसतर्फ आयोगको गम्भीर ध्यानाकर्षण भई केही यस्ता मुद्धाहरुको अनुसन्धान भैरहेको वताउनुभयो। साथै स्थानीय तहले संशोधित सार्वजनिक खरिद

ऐन, नियमको पूर्ण पालना गर्दै विधि, प्रक्रिया, कानून र मापदण्डको पूर्ण पालना गरी स्थानीय सरकारलाई संस्थागत र बलियो बनाउनसमेत आग्रह गर्नु भयो।

कार्यक्रमको अध्यक्षता गर्नुभएका आयोगका सचिव महेश्वर न्यौपानेले कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै स्थानीयतहका जनप्रतिनिधिहरुलाई संबिधानमा उल्लेख भएका प्राबधानहरुको पूर्णरुपमा पालना गरी संघीय र प्रादेशिक सरकारसँग समन्वय गरी स्थानीय तह संचालन गर्न सुझाब दिनु भयो। काम नगर्ने कर्मचारीलाई कानून सम्मत ढंगबाट काम लगाउन र आवश्यक छ भनेर जथाभावी कर्मचारी नियुक्ति गर्ने प्रवृति कानूनसम्मत नहुनेतर्फ सहभागीहरुलाई ध्यानाकर्षण गराउँदै स्वच्छ सेवा प्रवाहको केन्द्रविन्दु वडा कार्यालयलाई बनाउन जोड दिनु भयो। यसै सिलसिलामा आयोगले कुनै कर्मचारी पदाधिकारीलाई हचुवाको भरमा कारवाही नगर्ने भएकोले उजुरी पर्दैमा आत्तिहाल्नु पर्ने अवस्था नरहेको जानकारी गराउनु हुँदै अन्तरक्रिया कार्यक्रम समापन गर्नुभयो।

साथै मिति २०७६ जेठ ५ गते मकवानपुर जिल्ला, मिति २०७६ जेठ ६ गते बारा जिल्ला र मिति २०७६ जेठ ७ गते पर्सा जिल्लामा आयोगका माननीय प्रमुख आयुक्त नविनकुमार घिमिरेज्यूको प्रमुख आतिथ्यता तथा आयोगको श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूको उपस्थितिमा कार्यालय प्रमुखहरुसँग "सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण" सम्बन्धी विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। सो कार्यक्रममा विभिन्न कार्यालयका प्रमुखहरु एवम् स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुले कार्यसम्पादनका क्रममा आईपरेका समस्या र चुनौतीहरु प्रस्तुत गर्नु भएको थियो। यस सम्बन्धमा मकवानपुर, बारा र पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारीले जिल्लामा सार्वजनिक जग्गाको संरक्षण, सहज सेवा प्रवाह, अवैध ढुङ्गा गिट्टी बालुवाको उत्खनन लगायत जिल्लामा सेवा प्रवाह र सार्वजनिक प्रशासनमा रहेका चुनौती एवम् सवालहरुको बारेमा अवगत गराउँदै जिल्लाको प्रमुख प्रशासकको नाताले कार्यसम्पादनमा आइपरेका समस्याहरु समन्वयात्मक तवरले समाधान गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो। आयोगका सचिवबाट कार्यालय प्रमुखहरुलाई कानूनसम्मत ढंगले आफ्ना कामकारवाहीहरु गर्न गराउनको लागि जोड दिनुभयो। माननीय प्रमुख आयुक्तज्यूले कार्यालय प्रमुखहरुबाट उठान भएका विविध विषयहरुमा सम्बोधन गर्दै स्थानीय तहमा सेवा प्रवाहमा समस्या रहेको, सार्वजनिक जग्गा व्यक्तिका नाममा कायम गरिएको, कर्मचारीले राजश्व सङ्कलन गरी व्यक्तिगत खातामा राखिएको, सेवा प्रवाह प्रक्रियामुखी भएको, घुस/रिसवत् माग गर्ने गरिएको भन्ने जनगुनासा बढी रहेको र यस्ता विषयमा आयोगले अनुसन्धान गरिरहेको हुनाले अनियमित एवम् भ्रष्टाचारजन्य कार्यहरु नगर्न, कानून, विधि र प्रक्रियाको पालना गर्दै पारदर्शीरुपले कार्य गर्न र सेवा प्रवाह जनमैत्री बनाउँदै गुणस्तरीय तवरले विकास निर्माणका कार्य गर्न तथा नैतिक एवम् इमान्दार बन्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिनुभयो।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता